का.जि.प्र.का.द.नं. १००/०५९/६०

२९ वैशाख २०७९,

बिहीबार

12 May 2022,

Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ९६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



वर्षा र सहकालका देवता रातो मच्छिन्द्रनाथ रमीननाथको रथ लगनखेल चोकमा रहेको मछिन्द्रनाथको आमाको मानिने माई सिमा (माई रुख) लाई बुधवार परिक्रमा गराइदै । तस्वीरः रत्न श्रेष्ठ

# केही आशंका, धेरै शान्त

## स्थानीय तहको चुनाव अन्तर्गतको मौन अवधिमा केही शंकास्पद गतिविधि सार्वजनिक भएको छ । तर, धेरै मूल रुपमा शान्त रहेको निर्वाचन आयोगका अधिकारीहरु बताउँछन् ।



छिटफुट घटना भएका छन् । तर, समग्रमा चुनावी प्रचार अवधि र मौन अवधि शान्त छ ।

**दिनेश थपलिया**
प्रमुख आयुक्त, निर्वाचन आयोग

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २८ वैशाख ।

स्थानीय तह निर्वाचन अन्तर्गत मौन अवधि जारी छ । निर्वाचन आयोगका अधिकारीहरु र निर्वाचन पर्यबेक्षकहरुका अनुसार जुन रुपमा चुनाव प्रचार सौहार्द थियो, उही रुपमा मौन अवधि पनि शान्त छ ।

निर्वाचन आयोगका प्रमुख आयुक्त दिनेश थपलिया भन्छन्, 'छिटफुट घटना भएका छन् । तर, समग्रमा हेर्दा चुनावी प्रचार अवधि र मौन अवधि शान्त छ ।' मौन अवधिको २४ घण्टा वितेको छ । यो बीचमा आचारसंहिता उलंघनका केही दृष्टान्त भने देखा परे ।

नेकपा एमालेका उपमहासचिव समेत रहेका प्रचारप्रसार विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङले निर्वाचन आचारसंहिता विपरीत पार्टीलाई भोट मागे । स्थानीय तह निर्वाचन अन्तर्गत गएराति १२ बजेबाट मौन अवधि जारी छ । तर, नेता गुरुङले बुधबार बिहान ८ बजेर १० मिनेट जाँदा आफ्नो आधिकारिक फेसबुक पेजमा आफ्नै भिडियो सेयर गर्दै भोट मागे ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'की छोरी गंगा दाहालले भारतपुर महानगरको मेयरका उम्मेदवार रेनु दाहालका लागि भोट माग्दै सामाजिक संजालमा स्ट्याटस राखिन् ।

दुबैलाई निर्वाचन आयोगले स्पष्टीकरण सोधेको छ । आचारसंहिता अनुसार मौन अवधिमा सामाजिक सञ्जालबाट समेत भोट माग्न पाइँदैन । एमालेबाट बुटवल उपमहानगरपालिकाको मेयरको उम्मेदवार बाबुराम भट्टराईकी श्रीमती माया भट्टराई बुधबार दिउँसो सुकुम्बासी बस्तीमा पैसा बाँड्न पुगेको आरोप पनि लागेको छ ।

पैसा बाँड्न आएको भन्दै कांग्रेस कार्यकर्ताले होहल्ला र नाराबाजी गरेका थिए । प्रहरीले पैसा बाँडेको प्रमाण नभेटिएको बताएको छ ।

यी तीन वटा भन्दा बाहेक आचारसंहिता उलंघन मौन अवधिमा भएको बाहिर आएको छैन् । अर्थात, मौन अवधिमा केही आशंका गरिए पनि धेरै शान्त भएको अधिकारीहरु बताउँछन ।

सुरक्षामा चासो

आयोगका अनुसार अब मतगणनासम्मलाई उच्च सुरक्षा सर्तकता अपनाईको छ । मतगणना स्थललाई विषेश निगरानीमा राख्ने गरी व्यवस्था मिलाइएको प्रमुख आयुक्त थपलियाले जानकारी दिए ।

गृहमन्त्रानलयका अनुसार निर्वाचनमा – बाँकी पृष्ठ २ मा

# गाउँ फर्किनेको भीड

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २८ वैशाख ।



मतदानका लागि शहरबाट गाउँ फर्किनेको भीड लागेको छ । उपत्यका छाड्ने बढेका छन् । नाकाहरुमा यात्रुको चाप उच्च रहेको प्रहरीको तथ्याङ्क छ । काठमाडौं उपत्यकाबाट बाहिरिनेको संख्या पछिल्ला चार दिनमा मात्रै करिब २ लाख २० हजारभन्दा बढिरहेका छन् ।

महानगरीय ट्राफिक प्रहरी महाशाखाका अनुसार, मंगलबार मात्रै करिब ५९ हजार ८१ जनाले काठमाडौं छाडेका छन् । २६ वैशाखमा यो संख्या ५० हजार ९३० थियो भने २५ गते ५५ हजार ७४६ जनाले काठमाडौं छाडेका थिए । २४ गते ५३ हजार व्यक्तिले उपत्यका छाडेको महानगरीय ट्राफिक प्रहरी महाशाखाले जनाएको छ ।

उपत्यका भित्रिने यात्रुको संख्या भने केही दिन यता सामान्य अवस्थाको भन्दा कम रहेको महाशाखाले जानकारी दिएको छ । बुधबार बाहिरिनेको संख्या ह्वात्तै बढेको छ । उपत्यका छाड्ने बसहरुमा पनि कोचाकोच गरेर यात्रुहरु घर फर्किएका छन् ।

स्थानीय तह निर्वाचनको मौन अवधि शुरु भएसँगै काठमाडौं उपत्यकाबाट बहिरिने यात्रुको संख्या बढेको छ । काठमाडौं उपत्यका ट्राफिक कार्यालयको रेकर्ड अनुसार बुधवार साँझ ७ बजेसम्म ६७ हजार व्यक्तिहरु काठमाडौंबाट बाहिरिएका छन् ।

बुधवार साँझसम्म ५ हजार ६ सय सवारी साधनमा ६७ हजार यात्रु बाहिरिएका हुन् । अन्य दिनको तुलनामा बुधवार थोरै यात्रु काठमाडौं प्रवेश गरेका छन् । करिब २ हजार ३ सय सवारी साधनमार्फत २१ हजार ५ सय जन उपत्यका भित्रिएका छन् । निर्वाचनमा भोट हाल्नका लागि उम्मेदवारले थानकोट र कोटेश्वरबाट बस रिजर्भ गरेर आफ्ना क्षेत्रका स्थानीयलाई लगिरहेका छन् ।

– बाँकी पृष्ठ २ मा

# मतदान गर्न परिचय खुल्ने पत्र भए पुग्ने

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २८ वैशाख ।



मतदान गर्न परिचय खुल्ने पत्र भए पुग्ने भएको छ । मतदाता परिचयपत्र नभएकाहरुले मतदान पाउने कि/ नपाउने ? भन्ने अन्यालता रहेका बेला निर्वाचन आयोगले मतदान गर्न परिचय खुल्ने पत्र भए पुग्ने बताएको हो ।

आयोगले विज्ञप्ती निकालेर ३० वैशाखमा हुने स्थानीयत तह निर्वाचनमा मतदाताले मतदाता परिचय पत्र नभए पनि परिचय खुल्ने कागजात देखाएर भोट हाल्न पाउने जानकारी दिएको हो ।


आयोगका अनुसार मतदाताले परिचय खुल्ने कागजातबाट मतदान गर्न पाउने गरी व्यवस्था मिलाउन निर्वाचन अधिकृतहरुलाई निर्देशन दिइएको छ । तर मतदाता नामावलीमा नाम भएकाहरुले मात्र अन्य परिचय खुल्ने कागजात देखाएर मतदान गर्न पाउनेछन् । आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका – बाँकी पृष्ठ २ मा


## स्थानीय तह सदस्य निर्वाचन, २०७९


वैशाख ३० गते, शुक्रबार

बिहान ७ बजेदेखि अपराह्न ५ बजेसम्म

मत सङ्केत गर्ने सही तरिका – ४




मतपत्र बदर हुने अवस्था




नोट : मतपत्र नं. ६ को दुई कोठाभित्रको कुनै दुई वटा निर्वाचन चिन्हमा मत संकेत गर्न सकिनेछ ।


# ९ महिनामा आयो सवा ७ खर्व रेमिट्यान्स

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ वैशाख ।

पछिल्लो नौ महिनामा मुलुक भित्र सवा सात खर्व रेमिट्यान्स भित्रिएको छ । वैदेशिक रोजगारीमा जाने कामदार बढेसँगै नेपाल भित्रने रेमिट्यान्स रकम समेत वृद्धि भएको हो ।

राष्ट्र बैंकले बुधबार सार्वजनिक गरेको विवरणमा चालु आर्थिक वर्षको नौ महिनाको अवधिमा ७ खर्व २४ अर्ब ७४ करोड रूपैयाँ बराबरको विप्रेषण स्वदेश भित्रिएको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १६.५ प्रतिशतले बढेको अवस्थामा चालु आवको नौ महिनाको अवधिमा विप्रेषण आप्रवाह ०.६ प्रतिशतले कमी आएको बैंकले जनाएको छ । नौ महिनाको अवधिमा वैदेशिक रोजगारीका लागि सस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरणको श्रम स्वीकृति लिने नेपालीको संख्या उल्लेख्य रुपमा वृद्धि भएको भन्दै राष्ट्र बैंकले २ लाख ५६ हजार ३१ जनाको श्रम स्वीकति भएको जनाएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ७४.९ प्रतिशतले घटेको थियो । त्यसैगरी वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा १९९.९ प्रतिशतले वृद्धि भई २ लाख ६ हजार ६२ ९ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ६०.७ प्रतिशतले घटेको थियो । चालु आर्थिक वर्षको पहिलो महिनादेखि नै रेमिट्यान्स घटेकोमा गत फागुनदेखि सुधार हुन थालेको थियो । चैतमा पनि रेमिट्यान्स आप्रवाहमा उल्लेख सुधार भएपनि गतवर्षको तुलनामा कम रहेको बैंकले जनाएको छ ।

**वैदेशिक रोजगार विशेष**

## वैशाख ३० र ३१ गतेका अन्तवार्ता रद्द

**काठमाडौं/मस–** वैदेशिक रोजगार विभागले वैशाख ३० र ३१ गते गरि दुई दिन कामदार छनौटका लागि गरिएको विज्ञापन रद्द गरेको छ । स्थानीय तह निर्वाचनका लागि सरकारले वैशाख ३० गते सार्वजनिक बिदा दिएको र सवारी साधन सञ्चालनमा समेत रोक लगाएकाले अन्तर्वार्ता गराउनु उचित नहुने भन्दै यस्तो निर्णय गरेको हो । विभागले बुधबार सूचना प्रकाशित गर्दै वैशाख ३० र ३१ गतेका लागि प्रकाशित भएका विज्ञापन रद्द गरि पुनः विज्ञापनका लागि विभागमा पेश गर्न आग्रह गरेको छ ।

केही म्यानपावर कम्पनीले मतदानको दिन शुक्रबार र शनिबार अन्तर्वार्ताको मिति र समय तोकेर विज्ञापन प्रकाशन गरेको भन्दै त्यसमा विभागको ध्यानाकर्षण भएको जनाएको छ ।




DTC युएईको डीटीसी कम्पनीमा रोजगार

DUBAI TAXI CORPORATION (RTA) शहरः DUBAI

पुर्व स्वीकृत मितिः २०७९/०१/२७ चलानी नं.: ६०१७९०६७ L.T. No.: 262756

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Dubai Taxi Drivers (Holding Valid UAE/GCC/HCL Ligh | 200 | 0 | स. काममा दक्ष | 2000 | ६७,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेष्ठ ७ गते (21 May 2022) मा हुनेछ ।
अन्तर्वार्ता होटल टाइमलेस, विर्तामोडमा २०७९ जेष्ठ ८ गते (22 May 2022) मा हुनेछ ।
अन्तर्वार्ता लण्डन होटल, ईटहरीमा २०७९ जेष्ठ ९ गते (23 May 2022) मा हुनेछ ।
अन्तर्वार्ता होटल ग्राण्ड फ्यामिली रेस्टुरेन्ट एण्ड लज, उर्लावारीमा २०७९ जेष्ठ १० गते (24 May 2022) मा हुनेछ ।
अन्तर्वार्ता होटल रेड कार्पेट, चितवनमा २०७९ जेष्ठ ११ गते (25 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Guideline Recruitment Service Pvt. Ltd.
Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 4389497 | Email: reception.guideline@gmail.com
Web: www.guidelinerecruitment.com Mobile: Kathmandu: 9803052843, 9825003163, 9745339657
Birtamode: 9801079099, Itahari: 9852062761, Urlabari: 021540212, 9811378717

# बर्खे, हिउँदे बिदा कटौती

## जेठदेखि निजी र सरकारी विद्यालय सातामा दुई दिन बिदा

काठमाडौं/मस- निजी र सार्वजनिक विद्यालयले पनि सातामा दुई दिन बिदा कार्यान्यन गर्नुपर्ने भएको छ। बुधबार बसेको शिक्षा मन्त्रालयको बैठकले जेठ १ गतेदेखि शनिबार र आइतबार विद्यालयमा बिदा दिने औपचारिक निर्णय गरेसँगै निजी र सार्वजनिक विद्यालयले पनि सातामा दुई दिन बिदा दिनुपर्ने भएको हो। शिक्षा मन्त्रालयका प्रवक्ता दीपक शर्माका अनुसार अब शनिवारबाहेक आइतबार पनि विद्यालय बन्द रहने छ। साथै हाल रहेको विद्यालय समयलाई यथावत राखी शुक्रबार आधा छुट्टीको व्यवस्था भने हटाइएको छ।




त्यसैगरी हिउँदे बिदा, वर्षे बिदा, स्थानीय बिदा वा पर्व बिदाहरुलाई कटौती गरेर अब वर्षमा अधिकतम ३० दिन मात्रै बिदा दिने व्यवस्था गरिएको छ। पाठ्यभार पुरा गर्नका लागि बिदा अवधि छोट्याइएको प्रवक्ता शर्माले जानकारी दिए।


यसअघि सरकारी विद्यालयहरुमा हिउँदे र वर्षे बिदा गरी कुल ४५ दिन र स्थानीय पर्व बिदा ५ दिन गरी कुल ५० दिन बिदा पाउने व्यवस्था थियो। अब यी सबै बिदा कटौती भएका छन्। वार्षिक ३० दिन मात्रै बिदा दिने व्यवस्था मिलाउन सर्कुलर गरिएको मन्त्रालयले जनाएको छ।

# 'एक असाधारण अन्तर्वार्ता' मा अद्भुत कथा

काठमाडौं/मस- चिनियाँ लेखक लाओ माद्वाको 'एक असाधारण अन्तर्वार्ता' कथासंग्रह प्रकाशित भएको छ। युयुत्सु आरडी शर्माद्वारा अनुदित कथा संग्रहमा चीनको बेजिङस्थित रेनमिन विश्वविद्यालयका प्राध्यापक तथा विश्वप्रसिद्ध कथाकार 'मा चुन्वी' का शीर्षकथालगायत ६ कथा समावेष छन्।

निराला पब्लिकेसन्स नयाँदिल्लीद्वारा प्रकाशित संग्रहका कथाहरू अतीतावलोकन (पुरानो स्मृतिलाई अगाडि ल्याउने) गरी प्रस्तुत गरिएको छ। हालसम्म उनका कृति २० भन्दा बढी भाषामा ४० देशमा ६० औं संस्करणसम्म पनि प्रकाशन भएका छन्।

आधुनिक चीनका निम्नवर्गीय पात्रहरूजस्तै लठ्यौरा, मूर्ख, बौलाहा आदिको चित्रण गरिएका ती कथामा अद्भुत व्यङ्ग्य पाइन्छ। एक कथाको चरित्र अर्को कथाका चरित्रसँग मिल्दाजुल्दा पनि




भेटिन्छन्। अनुवादक शर्माले नेपाली समाजसँग पनि मिल्दाजुल्दा ती कथाहरूमा चीनको सांस्कृतिक परिवर्तनदेखि आधुनिक विकाससम्मको पृथक परिचय पाइने बताए।

# पर्यटन बोर्डले सटल बससेवा सञ्चालन गर्ने




काठमाडौं/मस- निर्वाचनको समयमा पर्यटकको सुविधाका लागि नेपाल पर्यटन बोर्डले सटल बससेवा सञ्चालन गर्ने भएको छ। वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका दिन काठमाडौंमा हवाई यात्रुलाई विमानस्थल र होटलबीच हुनसक्ने असुविधालाई ध्यानमा राखेर सटल बस सञ्चालन गर्न लागेको हो।

बोर्डले पर्यटक प्रहरीको सहयोगमा टुरिष्ट बस एशोसिएशन अफ नेपाल र नेपाल टुरिष्ट भेहिकल एशोसिएशनको समन्वयनमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलदेखि विभिन्न होटल तथा होटलदेखि विमानस्थलसम्म आवतजावतका लागि विभिन्न रुटमा सटल बस सञ्चालन गर्न लागेको हो।

बोर्डले रुट नं १ मा विमानस्थलदेखि नेपाल वायुसेवा निगम, होटल अन्नपूर्ण, होटल याक एण्ड यती, ठमेल चोक, लैनचौर चोक, शङ्कर होटल हुँदै विमानस्थलसम्म, रुट नं २ मा विमानस्थलदेखि होटल र्‍याडिसन, होटल साङ्गिला, नारायणगोपाल चोक, महाराजगञ्ज चोक, ह्यात होटल, चावहिल हुँदै विमानस्थलसम्म कायम गरेको छ।

यस्तै रुट नं ३ मा विमानस्थलदेखि तीनकुने चोक, होटल एभरेष्ट, माइतीघर चोक, होटल हिमालयन, होटल सोल्टी, ग्राण्ड होटल हुँदै विमानस्थलसम्म रहेको छ। सटल बस सेवा गरेवापत पर्यटकले सम्बन्धित बसधनीलाई ३०० रुपैयाँ बुझाउनुपर्ने बोर्डले जनाएको छ।

# लागूऔषधसहित पक्राउ



काठमाडौं/मस- भक्तपुरमा प्रहरीले लागूऔषधसहित एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा भक्तपुर नगरपालिका-१ दूधपाटी घर भई हाल भक्तपुरको भौखेलमा बस्ने २९ वर्षीय राजु कर्माचाय रहेका छन्।

पक्राउ परेका राजुसँग प्रहरीले प्रदेश २-०३५ प ८९६ नम्बरको स्कुटरमा चार थान नोफिन, चार थान फेनारगन र चार थान डाइजेपाम बरामद गरेको महानगरीय प्रहरी परिसर भक्तपुरले जनाएको छ।

प्रहरी प्रभाग दरबार स्क्वायरबाट खटिएका प्रहरीले जाँच गर्ने क्रममा लागूऔषधसहित उनलाई पक्राउ गरेको हो। थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# पाल्पामा महिला मतदाता बढी

सुशीला रेग्मी/मध्यान्ह
पाल्पा, २८ वैशाख

वैशाख ३० गतेको स्थानीय तहको निर्वाचनमा पाल्पामा पुरुषको तुलनामा महिला मतदाताको संख्या धेरै रहेको छ। जिल्लामा पुरुषको तुलनामा ६ हजार ३३० महिला मतदाता धेरै रहेको निर्वाचन कार्यालय पाल्पाले जनाएको छ। एक लाख तीन हजार १० महिला मतदाता रहेका छन् भने ९६ हजार ६८० पुरुष मतदाता छन्। जिल्लाको १० पालिकामध्ये तिनाउ गाउँपालिकाबाहेक अन्य पालिकामा महिलाको मतदाता संख्या बढिरहेको पाइएको छ। तिनाउमा पुरुष ७ हजार २४५ र महिला सात हजार १४१ छन् भने अन्य पालिकामा महिला मतदाता बढी छन्। तानसेन नगरपालिकामा एक हजार ७ सय १३, रामपुर नगरपालिकामा एक हजार ५ सय ४३, बगनासकाली गाउँपालिकामा ८ सय २९, रम्भामा ६ सय ८७, पूर्वखोलामा ६ सय ४०, माथागढीमा ३ सय ८७,




रिब्दीकोटमा ३ सय ७३, रैनादेवी छहरामा १ सय ६७, तिनाउमा १ सय ४ र निस्दीमा ९३ महिला मतदाता बढिरहेका छन्। सबैभन्दा धेरै मतदाता तानसेन नगरपालिका र थोरै पूर्वखोला गाउँपालिका रहेको छ। निर्वाचन कार्यालयद्वारा प्रकाशित नामावलीमा तानसेनमा ३३ हजार ७ सय ६९ र पूर्वखोलामा १३ हजार ६ सय ९८ मतदाता छन्। सबैभन्दा कम मतदाता तिनाउ गाउँपालिका-६ स्थित पाटन आधार भूत विद्यालय मतदान केन्द्रमा १८१ मतदाता रहेका छन्।

जिल्लामा कूल १ सय १८ मतदानस्थल र २ सय ४७ मतदान केन्द्र कायम छन्। दश पालिकामध्ये मतदानस्थल र केन्द्र सदरमुकाम तानसेनमा बढी छन्। २२ मतदानस्थल र ४४ केन्द्र छन् भने सबैभन्दा कम पूर्वखोला गाउँपालिकामा नौ मतदानस्थल र १७ केन्द्र रहेको छ। भयरहित वातावरणमा सबै मतादाता निर्वाचनमा सहभागी हुन पाउने व्यवस्थाका लागि जिल्लास्थित सुरक्षा निकायले पनि आन्तरिक रणनीतिक योजना तयारी गरेको पाल्पाका प्रमुख जिल्ला अधिकारी जगन्नाथ पन्तले बताए।

# चिनियाँ सामग्रीको आयात बन्द



**रसुवा/मस-** स्थानीय तहको निर्वाचन सम्पन्न नभएसम्मका लागि रसुवागढीबाट आयात कारोबार बन्द गरिएको छ। नेपाल-चीन सीमा क्षेत्रका दुई छिमेकी अधिकारी बीचको संवादबाट मतदान कार्य सम्पन्न नभएसम्मका लागि नाकाबाट आवतजावत पूर्ण रूपमा बन्द गर्ने सहमतिअनुरूप सामान आयात रोकिएको प्रमुख जिल्ला अधिकारी नवराज जैसीले जानकारी दिए।

मङ्गलवार भने १३ ठूलो टेलरमार्फत रेडिमेट तथा हाइड्रोका सामग्री आयात भएको सीमा सुरक्षा पोष्टले जनाएको छ। मतदानको समयभन्दा ७२ घण्टा अगाडि अन्तर्राष्ट्रिय सिमानाबाट आवतजावतमा रोक लगाउने नियमित प्रक्रिया अनुसार सामान आयात बन्द गरिएको बताइएको छ।

कोभिड-१९ सङ्क्रमण शुरु भएपश्चात् मानिसको आवतजावत बन्द नाकामा चिनियाँ सवारी चालकले मात्र एकतर्फी रूपमा रसुवागढी पुऱ्याउँदै आएका छन्।

यस्तै अधिकांश कर्मचारी निर्वाचनमा परिचालित भइसकेकाले अत्यावश्यक सेवाबाहेक अन्य सबै भन्सार जाँचपासको प्रक्रिया केही दिनका लागि स्थगन भएको रसुवागढी भन्सार कार्यालय टिमुरेका सूचना अधिकारी भरत अधिकारीले जानकारी दिए।

# सहमतिपछि उठ्यो परियारको शव

चितवन/मस- धारिलो हतियार प्रहार गरी हत्या गरिएका नेपाली कांग्रेसका बागमती प्रदेश प्रतिनिधि अनिल परियारको अन्त्येष्टि गरिएको छ। स्थानीय प्रशासन र पीडित पक्षबीच सहमति भएपछि मङ्गलबार साँझ अन्त्येष्टि गरिएको हो।

प्रमुख जिल्ला अधिकारी अस्मान तामाङका अनुसार पीडितलाई राहतका लागि गृह मन्त्रालय लेखी पठाउने, शवको व्यवस्थापन गर्ने, अभियुक्तको यथाशीघ्र खोजी गर्ने र घटनापछि भएका क्रियाकलाप नियन्त्रण गर्ने सहमति भएको हो। यससँगै भरतपुर अस्पतालको शवगृहमा रहेको परियारको शव परिवारले दाहसंस्कार गरेका हुन्। परियारको आइतबार साँझ अबेर भरतपुर महानगरपालिका-७ कृष्णपुरमा हत्या भएको थियो।



बागमती प्रदेशका मन्त्री मिलनबाबु श्रेष्ठको उपस्थितिमा सहमति भएको हो। श्रेष्ठले राहत तत्काल दिलाउनका लागि प्रधानमन्त्री शेरबहादुर देउवासँग आफूले कुराकानी गरेको बताए। स्थानीय प्रशासनले दोषीलाई पक्राउ गरी कारबाही गर्नुपर्ने माग आफ्नो रहेको बताए। नेपाली कांग्रेस चितवनले हत्यारालाई तत्काल पक्राउ गरी कारबाही गर्न र शहीद घोषणा गर्न माग गरेको छ। जिल्ला सभापति राजेश्वर खनालले सहिद घोषणाका लागि पार्टीको केन्द्रमा लेखी पठाउने बताए। हत्यामा सङ्लग्न भएकाहरूको पहिचान भएको र खोजीकार्य जारी रहेको प्रहरीले जनाएको छ।

# टिप्परको ठक्करबाट मृत्यु

**काठमाडौं/मस-** काठमाडौं महानगरपालिका-१४ कलंकी चोकमा टिप्परको ठक्करबाट एक जनाको मृत्यु भएको छ। प्रहरी प्रधान कार्यालयका अनुसार बा ५ ख ७३४५ नं को टिप्परले बा ८० प ६३७३ नं को मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक धादिङ धुनिबेँशी नगरपालिका-२ का ४५ वर्षीय दिवाकर अधिकारीको मृत्यु भएको हो।

उक्त दुर्घटनापछि टिप्पर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। उता ललितपुर महानगरपालिका-२४ घापाखेल बस्ने सिरहाका २६ वर्षीय भीम विकको करेन्ट लागेर मृत्यु भएको छ। सोही ठाउँ बस्ने नारायण घिमिरेको निर्माणाधीन ती तले घरको माथिल्लो तलामा काम गर्ने क्रममा मंगलबार करेन्ट लागेर गम्भीर घाइते भएका उनको उपचारका क्रमा पाटन अस्तपालमा मृत्यु भएको हो। बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ

बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी टोखा नगरपालिका-२ बस्ने २७ वर्षीय रामराज खड्कीलाई प्रहरीले पक्राउ गरेको छ।

उच्च अदालत पाटनको २०७८ चैत २५ गतेको फैसलाले बैंकिङ कसूर मुद्दामा तीन दिन कैद र रु १० लाख रुपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले पक्राउ गरेको बुधबार एक सूचना जारी गरी जनाएको छ। उनलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत काठमाडौँमा पेश गरिएको छ।

ट्रकको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

इलाममा ट्रकको ठक्करबाट एकजना मोटरसाइकल चालकको मृत्यु भएको छ। मेची राजमार्ग अन्तर्गत इलाम नगरपालिका- ९ गोलाखर्कमा झापाबाट इलामतर्फ आउँदै गरेको ट्रकले माइखोलाबाट इलामतर्फ आउँदै गरेको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु भएको हो।

## मतदान...

अनुसार आयोगबाट जारी भएको परिचयपत्र वा नेपाली नागरिकताको प्रमाण पत्र वा राष्ट्रिय परिचयपत्र भए पनि मतदान गर्न पाइनेछ।

राहदानी वा जग्गाधनी प्रमाणपूर्जाको सक्कल प्रमाणका आधारमा अन्तिम मतदाता नामावली विवरणसँग भिडाइ यकिन गरेर मतदान गर्न पाउने व्यवस्था गर्न सम्बन्धित नियकायलाई निर्देशन पठाइएको आयोगले जनाएको छ।

आज पनि मतदाता शिक्षा

निर्वाचन आयोगका अनुसार मतदाता शिक्षा र मतदाता परिचयपत्र वितरण आज पनि जारी रहनेछ। मतदाता शिक्षा र नयाँ परिचयपत्रको निवेदन दिएकाहरुलाई मतदाता परिचयपत्र वितरण जारी रहने आयोगले जनाएको छ।

३० वैशाखमा हुने स्थानीय तहको निर्वाचनका लागि मतदाताहरुले हालेको मतदान बदर नहोस् भनेर मतदाता शिक्षा दिन लागेको आयोगले बताएको छ।

मतदाता शिक्षा लिनका लागि नयाँ पुस्ताहरु अधिकांश मतदान स्थलमा आएको मतदान अधिकृतहरुले बताएका छन्। मतदाताहरुलाई नमूना मतपत्रमा मत हाल्न सिकाउने काम पनि जारी रहेको छ।

## गाउँ...

अधिकांश दलका नेता कार्यकर्ताले सामाजिक संजालमार्फत सूचना जारी गरेर पनि मतदाता ओसार पसार गरिरहेका छन्। वैशाख ३० मा स्थानीय तहको मतदान हुँदै छ।

स्थानीय तहको निर्वाचनका लागि मतदान गर्न गाउँ फर्कनेको भीडका कारण अरनिको राजमार्ग खण्ड अस्तव्यस्त बनेको छ।

मतदानका लागि बुधबार बिहानैदेखि घर फर्कनेको दुई तथा चारपांग्रे सवारीसाधनको लर्को लागेपछि अरनिको राजमार्ग खण्ड अन्तर्गत भक्तपुरको सल्लाघारीदेखि काभ्रे धुलिखेलसम्मै घण्टौं सडक जाम भएको थियो।

बुधबार बिहानैदेखि बस स्टेसनमा बस चढ्न प्रतीक्षामा बसेकाको घुइँचो देखिन्थ्यो भने साना तथा ठूला गाडी रिजर्भ गरेर गाउँ फर्कने र सार्वजनिक यातायातमा गाउँ फर्कने सवारसाधनको समेत एकै पटक चाप बढेपछि अरनिको राजमार्ग घण्टौं जाम भएको प्रहरीले जनाएको छ।

## केही...

१० हजार ७५६ मतदान स्थल, २१ हजार ९ सय ५५ मतदान केन्द्र तोकिएको छ। जसमध्ये सुरक्षा जोखिम र संवेदनशीलताका आधारमा २ हजार ९४५ मतदान स्थल अति संवेदनशील, ४ हजार ४२० संवेदनशील र ३ हजार ३९१ सामान्य सुरक्षा अवस्था भएका मतदान स्थलमा राखिएको छ।

गृह मन्त्रालयका अनुसार चीन र भारतसँग सीमा जोडिएका ३ दर्जनभन्दा बढी जिल्लाका सीमावर्ती क्षेत्रलाई अतिसंवेदनशील सूचीमा राखिएको छ। अति संवेदनशील मानिएका मतदानस्थलको बाहिरी सुरक्षा घेराको जिम्मेवारी सशस्त्र प्रहरीलाई दिइएको छ।

मुख्य निर्वाचन अधिकृत तथा कार्यालय, जिल्ला निर्वाचन अधिकृतको कार्यालय, सरकारी, सार्वजनिक संरचना, नेपालस्थित विदेशी कूटनीतिक नियोगको सुरक्षामा पनि सशस्त्रलाई खटाइनेछ। अन्यत्र नेपाल प्रहरी र म्यादी प्रहरीले सुरक्षाको जिम्मेवारी पाएको छ।

# तीन सय बालीका १८ हजारभन्दा बढी जात संरक्षण

**काठमाडौं/मस-** नेपाल कृषि अनुसन्धान परिषद्ले कृषि जैविक विविधतालाई संरक्षण गर्न हालसम्म ३०० बालीका १८ हजारभन्दा बढी जातलाई संरक्षण गरेको छ। धान, मकै, गहुँलगायत बाली संरक्षण गरेको परिषद्ले रैथाने बालीको संरक्षण, संवर्द्धन, उपयोग तथा जातीय विकास गर्ने नीति अवलम्बन गरेको छ।

बढ्दो खाद्यान्न तथा कृषिजन्य वस्तुको आयात र खाद्यन्न सुरक्षाका दृष्टिकोणले खाद्यान्न बालीको अनुसन्धानलाई प्राथमिकतामा राख्दै धान, मकै, गहुँ तथा आलुमा बढी उत्पादन दिने, जलवायु परिवर्तन अनकुलन, रोग, किरा अवरोधक विभिन्न नयाँ जातको बालीको विकास गरिएको परिषद्का कार्यकारी निर्देशक डा.दीपक भण्डारीले जानकारी दिए।

धान, मकै र गहुँको क्षेत्रफल क्रमशः २६ र १९ प्रतिशतले वृद्धि भएको छ भने यी बालीको उत्पादनमा क्रमशः ६०, १२० र १४० प्रतिशतले वृद्धि भएको परिषद्ले जनाएको छ। मुलुकमा खेती गहुँको कूल क्षेत्रफलको ९४ प्रतिशत क्षेत्रफलमा परिषद्बाट विकसित भएका जात लगाउने गरिन्छ। यो जातीय परिवर्तनले मात्र मुलुकलाई करिब वार्षिक रु १७ अर्बको आर्थिक योगदान पुग्ने विश्वास गरिएको छ।

# कतार सरकारद्वारा नेपाल सरकारलाई अक्सिजन ट्यांकर प्रदान

**काठमाडौं/मस-** कतार सरकारले नेपाल सरकारलाई अक्सिजन उत्पादन गर्ने ट्यांकर उपलब्ध गराएको छ। कतार सरकारका तर्फबाट नेपालका लागि कतारी राजदूत युसुफ मोहम्मद अल हैलले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डाक्टर रोशन पोखरेललाई हस्तान्तरण गरेका हुन्।

अक्सिजन ट्यांकर ७ लाख ४५ हजार कतारी रियाल अर्थात २ करोड ४६ लाख नेपाली रूपैयाँ बराबरको हो।

कतार फण्ड फर डेभलपमेन्टले चीनबाट खरिद गरी नेपाल पठाएको ४० फिट लम्बाइ तथा १३ हजार ५ सय किलो वजनको ट्यांकरको कागजात सचिव पोखरेललाई हस्तान्तरण गर्दै महामहिम अल-हैलले कतार सरकार नेपाल सरकारलाई सबै क्षेत्रमा सहयोग गर्न तत्पर रहेको बताए।

## भूल सुधार

मिति २०७९/०१/२८ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित रोमानीयामा रोजगार शिर्षक, कम्पनी: **KML DETAILING SRL,** पूर्व स्वीकृत मिति: २०७८/०७/०७, चलानी नं.: ६०१६६०३२ र **LT. No.: 249136** भएको पून विज्ञापनमा कामदारको पद **Room Attandants** र **Waiters/Waitresses** को महिला माग संख्या १०/१० जना हुनुपर्नेमा अन्यथा भएकोले भूल सुधार गरिएको छ।

All-Solution Employment Service Pvt. Ltd.
Basubdhara-3, Kathmandu, Nepal, Tel.: 015903078, 015903079

स्थानीय तह निर्वाचन

# ‘पर्यवेक्षण कल सेन्टर’ स्थापना गरिने




**काठमाडौं/मस-** स्थानीय तह निर्वाचन आउन एक दिन मात्रै बाँकी छ। स्थानीय तह निर्वाचन पर्यवेक्षण प्रक्रियालाई थप वैज्ञानिक, यथार्थ एवं तथ्यपरक बनाउन राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) ले राष्ट्रियस्तरमा ‘पर्यवेक्षण कल सेन्टर’ स्थापना गर्ने भएको छ।

मतदानका दिन स्थलगतरूपमा खटिएका पर्यवेक्षकसँग नियमित एवं प्रत्यक्ष सम्पर्क स्थापना गरी सूचना संकलन र सम्प्रेषणलाई जीवन्त एवं विश्वसनीय बनाउन सेन्टर स्थापना गर्न लागिएको नियोकका अध्यक्ष प्रा.कपिल श्रेष्ठले बताएका छन्।

कल सेन्टर सञ्चालनमा प्राविधिक विज्ञ तथा तालिम प्राप्त सूचना संकलन गरी ६० देखि ६५ जनाको जनशक्ति व्यवस्था गरिने पनि नियोकले जनाएको छ। मतदानस्थलमा कुनै अप्रिय घटना भएमा सोको विवरण कल सेन्टरमा राखिएका दुईवटा नम्बरमा जानकारी गराउने व्यवस्था मिलाइएको छ। यसका लागि नियोकले ९८००८३४१४७ र ९८४१४५५५०४ गरी दुई वटा हटलाइन नम्बर उपलब्ध गराएको नियोकका महासचिव देविकानन्द तिमल्सिनाले बताए। दुवै नम्बर वैशाख ३० गते निर्वाचनका दिन २४ सै घण्टा खुला रहने छ।

नयाँ बानेश्वरको अल्फा हाउसमा सञ्चालन गरिने कल सेन्टरमा सञ्चार कर्मीका लागि मिडिया सेन्टर पनि स्थापना गरिने भएको छ। मिडिया सेन्टरमा बिहान १०:३०, अपराह्न २:३० र साँझ ७:३० बजे पर्यवेक्षणसम्बन्धी जानकारी दिन पत्रकार सम्मेलनको आयोजनासमेत गरिने भएको छ। स्वतन्त्र, निष्पक्ष, मर्यादित, भयरहित र शान्तिपूर्ण निर्वाचन नै लोकतन्त्रको आधार शीला भएकाले स्थानीय तहको निर्वाचन इमान्दारी, जिम्मेवारी र जवाफदेहीरूपमा सम्पन्न गराउन नियोकले निर्वाचन आयोग, सरकार, राजनीतिक दल, उम्मेदवार लगायत सरोकार भएका सबैमा आह्वान गरेको छ। नियोकले सात प्रदेशका ७७ वटै जिल्लामा एक हजार ३०० पर्यवेक्षक खटाउने भएको छ।

# झाडापखालाबाट एक बालकको मृत्यु, चार बिरामी

दाङ/मस-झाडापखालाबाट तुलसीपुरमा एक बालकको मृत्यु भएको छ भने चार जना बिरामी परेका छन्। मृत्यु हुनेमा उपमहानगरपालिका-११ उरहरि निवासी तिलक पुनका साढे दुई वर्षका छोरा अनमोल पुन रहेको राप्ती प्रादेशिक अस्पताल तुलसीपुरका इमर्जेन्सी इन्चार्ज धनबहादुर केसीले जानकारी दिए। अनमोललाई उपचारका लागि मङ्गलबार अस्पतालमा ल्याउँदै गर्दा बाटोमा नै मृत्यु भएको हो।

त्यसैगरी ५० वर्षीय बुद्धिराम पुन, ४० वर्षीया गौरी पुन, ५८ वर्षीया कलसिङ पुन र मीना पुन बिरामी हुनुभएको र उनीहरूको राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा उपचार भइरहेको इमर्जेन्सी इन्चार्ज केसीले जानकारी दिए। उनका अनुसार चार बिरामीमध्ये बुद्धिरामको अवस्था गम्भीर रहेको छ।

बिरामीमा झाडापखाला लाग्ने, बान्ता हुने लक्षण देखापरेको अस्पतालले बताएको छ।

UAE मा रोजगारको अवसर

कम्पनी: ASTORIA HOTEL
शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०७८/०७/१६ चलानी नं.: ६०१६६७५९ L.T. No.: 249663 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Manager | 2 | 1 | स. काममा दक्ष | 3500 | १,१७,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Captain | 5 | 5 | | 1500 | ५०,४१५ | | | | | | | |
| 3. | Cook | 5 | 0 | | 1500 | ५०,४१५ | | | | | | | |
| 4. | Barman | 5 | 0 | | 1500 | ५०,४१५ | | | | | | | |
| 5. | Receptionist | 2 | 8 | | 1500 | ५०,४१५ | | | | | | | |
| 6. | Cashier | 2 | 2 | | 1500 | ५०,४१५ | | | | | | | |
| 7. | Waiter/Waitress | 5 | 8 | | 1200 | ४०,३३२ | | | | | | | |
| 8. | Cleaner | 5 | 15 | | 900 | ३०,२४९ | | | | | | | |
| 9. | Room Attendant/ House Keeping | 5 | 15 | | 1200 | ४०,३३२ | | | | | | | |
| 10. | Clients service representative | 4 | 13 | | 1500 | ५०,४१५ | | | | | | | |
| 11. | Beautician | 0 | 10 | | 1500 | ५०,४१५ | | | | | | | |
| 12. | Telephone Operator | 2 | 0 | | 1500 | ५०,४१५ | | | | | | | |
| 13. | Security Guard | 9 | 0 | | 1500 | ५०,४१५ | | | | | | | |
| 14. | Coordinator | 2 | 5 | | 1500 | ५०,४१५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेठ ५ गते (19 May 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Sun Light Human Resources Pvt. Ltd. Kathmandu
Lic No. 689/063/064

सन लाईट ह्युमन रिर्सोस प्रा. लि.
सामाखुसी-०३, सामाखुसी टाउन प्लानिङचोक, काठमाडौं,
फोनः ४३८४८३२, ४३८४८३३, फ्याक्स : ४३८४१८९

सर्वोच्चको फुलकोर्ट बैठक

# विचाराधीन पुराना बक्यौता मुद्दा न्यूनीकरणमा छलफल




**काठमाडौं/मस-**सर्वोच्च अदालतको बुधबार बसेको पूर्ण बैठक (फुलकोर्ट) मा विचाराधीन पुराना बक्यौता मुद्दा न्यूनीकरण गर्ने विषयमा छलफल भएको छ।

कायममुकायम प्रधानन्यायाधीश दीपककुमार कार्कीको अध्यक्षमा बुधबार बसेको बैठकमा सर्वोच्च अदालतमा भएका विचाराधीन पुराना बक्यौता मुद्दा न्यूनीकरण गर्ने तथा न्यायिक सुधारका विषयमा चाल्नुपर्ने विधिबारे छलफल भएको सर्वोच्च अदालतका प्रवक्ता विमल पौडेलले जानकारी दिए। बैठकमा न्यायाधीश तिलप्रसाद श्रेष्ठले सर्वोच्च अदालतमा विचाराधीन पुराना बक्यौता मुद्दा न्यूनीकरण गर्ने तथा न्यायिक सुधारका लागि चाल्नुपने विविध उपाय विषयका आफ्नो कार्ययोजना प्रस्तुत गरे। उक्त प्रस्तुतिपछि कायममुकायम प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशहरूले आ-आफ्नो धारणा राखेका थिए। बैठकले न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ संयोजक रहेको मुद्दा व्यवस्थापन समितिलाई आवश्यक गृहकार्य गरी सुधारका मार्गचित्रसहितको कार्ययोजना तयार गर्ने जिम्मेवारी प्रदान गरेको निर्णय गरेको छ।

PUBLIC NOTICE

It is hereby notified to whomsoever it may concern that Mr. Dipendra Thakur S/o Late Bhogendra Thakur & Late Sabita Devi, Permanent resident of Narayanpur, PO- Patahi, East Champaran, Bihar-845427, India got Married to Ms. Aakriti Sharma D/o Late Murari Raj Sharma and Sarala Thapa Magar, Permanent resident of Sifal-07,Kathmandu,Nepal on 16/04/2022 at Silver Oak Banquet and Events, Gairidhara, Kathmandu, Nepal in the presence of their family and friends. They intend to get marriage certificate from Embassy of India, Kathmandu, Nepal.
If any objections, may be conveyed to the Embassy of India, Kathmandu.

# मनाङमा निर्वाचनको दिनमा पर्यटकले प्रवेश पाउने



**नविन अंकुर/मध्यान्ह**
मनाङ, २८ वैशाख

शुक्रबार हुने स्थानीय तह निर्वाचनका लागि हिमाली जिल्ला मनाङमा बाह्य पर्यटकले प्रवेश पाउने भएका छन्। निश्चित समय तोकिएर नेपाल भ्रमणमा आएका विदेशी पर्यटकलाई सहज बनाउने उद्देश्यले प्रवेश खुला गरिएको जिल्ला प्रशासन कार्यालय मनाङले जनाएको छ।

पर्यटन बोर्डबाट भ्रमणको आधिकारिक अनुमतिपत्र लिएर आएका पर्यटकलाई मनाङमा प्रवेश दिइने प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले जानकारी दिए। पर्यटन बोर्डबाट रोडपरमिट लिएर आएका पर्यटकले प्रवेश पाउने उनले बताए।

‘पर्यटक आउने अनुकूल समय भएकाले नेपाल सरकारले नै पर्यटकलाई प्रवेश दिन सर्कुलर गरेको छ। सोहीबमोजिम मौन अवधिमा सवारीमार्फत पर्यटक मनाङ आउन सक्नेछन्। तर निर्वाचनको दिनमा सवारी सञ्चालनमा रोक लगाइएको छ। पैदलयात्रामा आउने पर्यटकले निर्वाचनकै दिनमा पनि प्रवेश पाउनेछन्’ आचार्यले भने। पर्यटक विशेषगरी सबैभन्दा उच्च स्थानमा रहेको तिलिचो ताल (४९१९ मिटर) पुग्न आउने गरेका छन्। विदेशी पर्यटक विशेषगरी अन्नपूर्ण पदमार्गको यात्रामार्फत तिलिचो ताल पुग्ने गर्दछन्। विदेशी पर्यटक हिमालको काखमा पुगेर मनोरञ्जन लिनुका साथै हिमाल आरोहण गर्न आउने गर्दछन्। थोराङ्ला पास, तिलिचो ताललगायतका स्थानको भ्रमण तथा अवलोकनका लागि पर्यटक मनाङ आउने गर्दछन्।

# राष्ट्रपतिसमक्ष ओहोदाको प्रमाणपत्र प्रस्तुत



**काठमाडौं/मस-**भारतका लागि नवनियुक्त नेपालका राजदूत डा.शंकरप्रसाद शर्माले गणतन्त्र भारतका राष्ट्रपति रामनाथ कोविन्दसमक्ष नयाँदिल्लीस्थित राष्ट्रपति भवनमा बुधबार आयोजित विशेष समारोहमा आफ्नो ओहोदाको प्रमाणपत्र प्रस्तुत गरेका छन्।

ओहोदाको प्रमाणपत्र प्रस्तुतीकरणपछि राष्ट्रपतिसँग भएको शिष्टाचार भेटमा राजदूत शर्माले भारतका राष्ट्रपतिको व्यक्तिगत स्वास्थ्य, सुख, शान्ति र भारतका मित्रवत् जनताको निरन्तर प्रगति एवं समृद्धिको कामना गर्दै राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री शेरबहादुर देउवाका साथै नेपाली जनताका तर्फबाट हार्दिक बधाई तथा शुभकामना व्यक्त गरे।

भारतका लागि नेपाली राजदूतमा नियुक्त भएकामा डा.शर्मालाई स्वागत गर्दै भारतका राष्ट्रपतिले बधाई ज्ञापन गरे। राष्ट्रपति कोविन्दले नेपालका राष्ट्रपति, प्रधानमन्त्री र नेपालका मित्रवत् जनताको उत्तरोत्तर प्रगति र समृद्धिको कामना गर्दै आफ्नातर्फबाट राष्ट्रपति भण्डारी, प्रधानमन्त्री देउवा र नेपाली जनतामा शुभकामना व्यक्त गर्न राजदूत शर्मालाई आग्रह गरे।

राजदूत शर्माले नेपाल र भारतबीचको शताब्दीऔं पुरानो बहुआयामिक द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ तुल्याउन आफू तत्पर रहेको बताए।

## Budhinanda Municipality
## Office of the Municipal Executive

**Bajura, Sudurpashchim Province, Nepal**

### Invitation for Bids

Date of publication: **May 12, 2022 (Baishakh 28, 2079)**

1. The Budhinanda Municipality has allocated funds to cover eligible payment under the Contract for works listed in the table below. Bidding is open to all eligible Nepalese Bidders under National Competitive Bidding Procedures specified in public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Budhinanda Municipality, Nepal or may visit PPMO website: www.bolpatra.gov.np
3. Bidders should download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp.np. Bidders, should submit their bid electronically only, and should deposit the cost of non-refundable amount listed in table for bid in the following details:
**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: Rastriya Banijya Bank, Kolti Bajura, Name of Office: Budhinanda Municipality, Kolti, Bajura, Office Code no.: **801076904,** Office Account no.: 4410100301010002 for bid fee, 4410100303000002 for bid security fee, Inland Revenue Shirshak no.:11691
4. Pre-bid meeting shall be held at Budhinanda Municipality, Bajura at 27 May ,2022 (Jestha 13, 2079) at 14:00 hrs.
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 on June 10, 2022 (Jestha 27, 2079). Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hours on June 10, 2022 (Jestha 27, 2079) at the office of Budhinanda Municipality, Bajura. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
9. All other issued shall be considered as per Public Procurement Act 2063 including latest amendment & Public Procurement works Regulation 2064 including latest amendment.
10. Any intimidation, collusion and cartelling during bidding process shall be punishable by law.

| Contract ID No. | Description Of Work | Estimated Amount NRs. (Exclusive VAT) | Bid Security Amount NRs. | Bid Document Fee NRs. |
|---|---|---|---|---|
| **BM/BFT/NCB/01/079/080** | Kolti Kuru Dhauli Foot trail & Guest House Construction Works | 15233945.96 | 428000 | 3,000 |
| **BM/KBK/ROAD/ NCB/02/079/080** | Katekana Bhidigaun Kuru Road Construction Works | 4872477.45 | 140000 | 3,000 |

**Chief Administrative Officer**

HOSPITALITY & HOTEL MANAGEMENT COURSES

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै वारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इस्टिच्युटले दिँदै आइरहेको छ। यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस्। यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगरौं।

Hotel Training Diploma 1750 Hrs Rs 160,000
F&B Service, Production, HK, Barista, FO, CSA
English Free Jobs.







तालिमपछि रोजगारको ग्यारेन्टी

Best in the KTM VICTORIA INTERNATIONAL

VICTORIA INTERNATIONAL
HOTEL TRAINING & INSTITUTE PVT. LTD.
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

## सम्पादकीय

# मत दिनेहरुको मन

स्थानीय चुनावका लागि घर फर्कनेहरूले बुधबार सहज यातायात सेवा पाउन सकेनन् । राजधानी उपत्यकामा बस पर्खने र चढ्नेहरूको भीड मुख्य आकर्षण बन्यो । आमसञ्चार माध्यम र सामाजिक सञ्जाल यातायात सेवा नपाएको मानिसहरूको भीड छायो । असहजताका साथ राजधानी उपत्यकाबाट गाउँ फर्कनेहरूको संख्या मात्रै एकैदिन झण्डै तीन लाख हाराहारी थियो । यसले चुनावको उत्सव देशभर लागेको प्रष्ट हुन्छ । राजधानी उपत्यका बाहेक अन्य ठूला शहरमा रहेकाहरू पनि आफ्नो मतदान केन्द्रमा पुगे । मतदान गर्न आफ्नै मतदान केन्द्र पुग्नुपर्ने भएकाले विभिन्न पेशा, व्यावसाय र अध्ययनका क्रममा घरथलो बाहिर रहेकाहरू गाउँ फर्किएका हुन् । घर फर्कनेहरूको भीडले पनि स्थानीय चुनाव प्रभावकारी बन्ने अनुमान गर्न सकिन्छ ।

चुनावका अन्य दृष्यले पनि मुलुक महाउत्सवमा मोहिएको आभास दिएको छ । उम्मेद्वारी दर्ता, उम्मेद्वारहरूको प्रचार, संकल्प प्रस्ताव र मतदाता रिझाउन भएका अन्य गतिविधिले मुलुक चुनावमय बनेको आभाश दिलाएको थियो । मतदानका लागि फर्कनेहरूको भीडले अझ बढी आभाश दिलाएको छ । अर्थात् भोलि मतदान गर्न मतदाता उत्सुक छन् । उत्सुकताका अनेक आयाम हुन सक्छन् । तर मुख्य कारण भने लोकतन्त्रको प्रत्याभूति हो । आगामी पाँच वर्षका लागि आफ्नो प्रतिनिधि चयन गर्न लामो यात्रा पार गरेर मतदाता मतदान केन्द्र पुग्दैछन् । भोलि मतदानसँगै आफ्नो उम्मेद्वारलाई विश्वास सुम्पनेछन् । जसरी अघिल्लो चुनावमा मतदाताले विश्वास सुम्पिएर जनप्रतिनिधि चयन गरे । त्यही चक्र यो चुनावपछि पनि दोहोरिनेछन् ।

यसपछि भने निर्वाचित जनप्रतिनिधिको दायित्व शुरू हुनेछ । मतदाताको दायित्व मन परेका उम्मेद्वारलाई मत सम्पनु हो । जो सुम्पने प्रक्रियामा छन् । मतदाताले मत दिने आधार भनेको उम्मेद्वार हरूको प्रतिबद्धता नै प्रमुख आधार हो । दलगत वा स्वतन्त्र उम्मेद्वारी मार्फत् व्यक्त गरेको प्रतिबद्धताकै आधारमा मतदाताले आफ्नो विश्वास सुम्पनेछन् । त्यस पछिका पाँच वर्ष आफैले व्यक्त गरेको प्रतिबद्धता बमोजिम जनप्रतिनिधिले कार्य सम्पादन गर्न पर्नेछ । तर यसअघि भने चुनाव जितेपछि मतदाता बिर्सने रोग देखिने गरेको गुनासो सुनिने गरेको थियो । फेरि पनि त्यो आशंका कायमै छ । तसर्थ आफ्ना सबै काम थाती राखेर मतदान केन्द्रसम्म पुगेका मतदाताको भावना सम्मान गर्दा जनप्रतिनिधिको उचाइ मात्रै बढ्दैन, लोकतन्त्रको गरिमा समेत बढ्नेछ ।

# प्राथमिकतामा ऊर्जा

*नेपालका आवधिक विकास योजना तथा ऊर्जा नीतिहरूले परिकल्पना गरेअनुसार सबै घर परिवारमा बत्ती बाल्न र खाना पकाउनका लागि किफायती, विश्वसनीय, दिगो र आधुनिक ऊर्जामा पहुँच सुनिश्चित गर्ने गरी आगामी नीति तथा कार्यक्रम र बजेट तर्जुमा हुन आवश्यक छ ।*

अग्रलेख



● कृष्ण अधिकारी

सरकारले आगामी आर्थिक वर्षको बजेट निर्माणका लागि अन्तिम तयारी गरिरहेको छ । राष्ट्रपति विद्यादेवी भण्डारीले आगामी जेठ ३ गते संसदको अधिवेशन आह्वान गर्नुभएको छ भने सरकारले जेठ ७ गते आगामी आर्थिक वर्ष २०७९/८० का लागि नीति तथा कार्यक्रम र १५ गते वार्षिक बजेट ल्याउने गरी गृहकार्य शुरु गरिसकेको छ । साउन १ गतेदेखि नै बजेट कार्यान्वयन गर्ने गरी जेठ १५ गते बजेट ल्याउन थालेको सातौँ वर्षमा चल्दै छ ।

यही वैशाख ३० गते हुन गइरहेको स्थानीय तह निर्वाचनलाई लक्षित गरी राजनीतिक पार्टीहरुले सार्वजनिक गरेका घोषणापत्र एवम् प्रतिवद्धतापत्रहरुमा समेत उल्लेख भएका र वर्तमान सरकार गठन भएपछि सार्वजनिक गरिएको साझा अवधारणाहरुको मर्मअनुसार आम जनताका जनजीविकाका विषयहरुलाई नै नीति तथा कार्यक्रम र बजेट आउने प्रष्ट छ । पछिल्लो समय रुस-युक्रेन युद्धले खासगरी इन्धनका क्षेत्रमा पारेको प्रभावबाट बजारमा भएको मूल्यवृद्धिको असरलाई कम गर्नपर्ने चुनौती रहेको छ ।



संघीय सरकारको नीति कार्यक्रम र बजेटकै सेरोफेरोमा स्थानीय निर्वाचनपछि गठन हुने स्थानीय सरकारहरुले आगामी असारमा ल्याउने कार्यक्रम र बजेट पनि आउने हुँदा आयातित इन्धनको खपतलाई कम गर्ने र स्वदेशी ऊर्जाको पहुँचलाई विस्तार गर्ने तर्फ नै ध्यान दिनुपर्ने अर्थ राजनीतिका जानकारहरु बताउँछन् । वित्तीय संघीयतालाई प्रभावकारी कार्यान्वयनमा लैजान प्रतिस्पर्धी तर, दिगो अनि पर्यावरणमैत्री हरित अर्थतन्त्रमा जोड दिन पनि स्वच्छ ऊर्जालाई उच्च प्राथमिकता दिनुपर्ने उनीहरुको सुझाव रहेको छ ।

परम्परागत स्रोतको प्रयोगबाट जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर पुग्नुको साथै राष्ट्रिय अर्थतन्त्रमा समेत नकारात्मक प्रभाव पर्दछ । ऊर्जाको आधुनिक र प्रभावकारी उपयोग गर्नाले खाना पकाउने ऊर्जाको लागत घटाउने समयको बचत गर्ने र घरभित्रको वातावरण सुधारमा सहयोग पुऱ्याउने भएकाले स्वच्छ भान्छाको अभियानलाई अगाडि बढाउन सकिएमा हरित अर्थतन्त्रमा सहयोग पुग्दछ । खाना पकाउने एलपी ग्यासको मूल्य विश्वव्यापीरूपमा उकालो लागिरहँदा नेपाल आयल प्रतिसिलिण्डर ग्यासमा निगमलाई रु. एक हजार ५० बराबरको घाटा परिरहेको छ । पछिल्लो १५ दिनमा निगमलाई डिजेलपछि ग्यासबाट सबैभन्दा बढी घाटा भएको र ग्यास बिक्रीबाट रु. एक अर्ब ७४ करोड ५४ लाख बराबरको घाटा भएको निगमका सहप्रवक्ता पुस्कर कार्कीको भनाइ छ । त्यस्तै डिजेल, पेट्रोललगायत अन्य इन्धनका स्रोतहरुबाट पनि निगमलाई नोक्सानी नै छ ।

हरेक स्थानीय तहमा स्वच्छ ऊर्जामा आधारित आर्थिक गतिविधि र उद्यमशीलतालाई बढावा दिने, पेट्रोलियम पदार्थको प्रयोगलाई न्यूनीकरण गर्दै नवीकरणीय ऊर्जामार्फत दिगो हरित अर्थतन्त्रको निर्माण गर्ने र स्वच्छ ऊर्जाको खपत बढाउन विद्युतीय चुलोको प्रवर्द्धनलाई प्रमुख राजनीतिक पार्टीहरुले जोड दिएका छन् । नेपाली कांग्रेसले हरेक घरमा विद्युतीय ऊर्जाबाट खाने पकाउने प्रविधिको प्रयोग बढाउने गरी कार्यक्रमहरु लागु गर्ने र घरायसी उपयोगको लागि स्वच्छ ऊर्जा वा वैकल्पिक ऊर्जाको प्रयोगलाई बढोत्तरी गर्नुपर्नेमा जोड दिएको नेपाली कांग्रेसका केन्द्रीय सदस्य प्राडा गोविन्दराज पोखरेल बताउनुहुन्छ । राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष समेत रहनुभएका डा. पोखरेलले पार्टीको घोषणापत्रमा उल्लेख गर्दै हिउँदको समयमा अपुग भएपनि वर्षाको समयमा स्वदेशमै उत्पादन भएको विद्युत् खेर जाने अवस्था रहेकाले विद्युत्को खपत बढाउने प्रविधिमा जोड दिने गरी सरकारले नीति कार्यक्रम र बजेट ल्याउने विश्वास व्यक्त गर्नुहुन्छ ।

आधुनिक ऊर्जा-उज्यालो पालिकाअन्तर्गत विद्युत् उत्पादन र खपत बढाउने, आधुनिक ऊर्जामा नागरिकको सहज पहुँच सुनिश्चित गर्दै नवीकरणीय ऊर्जाको प्रयोगद्वारा दैनिक जीवनमा ल्याउने कुरामा नेकपा( एमाले) ले पनि जोड दिएको राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष समेत रहनुभएका सो पार्टीका बुद्धिजीवी परिषदका अध्यक्ष डा दिनेशचन्द्र देवकोटा बताउनुहुन्छ । सो पार्टीले सार्वजनिक गरेको घोषणापत्रमा यसमा प्रत्येक नागरिकका घरमा विद्युत् सुविधा उपलब्ध गराउने र विपन्न परिवारलाई घरायसी प्रयोगको विद्युत् निःशुल्क उपलब्ध गराउने, हरेक स्थानीय तहमा स्वच्छ ऊर्जामा आधारित आर्थिक गतिविधि र उद्यमशीलतालाई बढावा दिने, पेट्रोलियम पदार्थको प्रयोगलाई न्यूनीकरण गर्दै नवीकरणीय ऊर्जामार्फत दिगो हरित अर्थतन्त्रको निर्माण गर्ने र स्वच्छ ऊर्जाको खपत बढाउन विद्युतीय चुलोको प्रवर्द्धनमा प्राथमिकता दिएको छ ।

यसैगरी नेकपा(माओवादी केन्द्र)ले जारी गरेको अपिल र प्रतिबद्धतामा सबै वडामा विद्युतीकरणको व्यवस्था गर्नुको साथै एलपी ग्यास आयात प्रतिस्थापन गर्न र जनतामा विद्युत्को उपभोग बढाउन स्थानीय सरकारद्वारा प्रत्येक घरधुरीलाई विद्युतीय चुलो निःशुल्क उपलब्ध गराउने कुरालाई प्राथमिकता दिएको छ । सोही पार्टीको तर्फबाट वर्तमान सरकामा ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्री बन्नु भएकी पम्फा भुसालले शुरुदेखि नै विद्युतीय खपतलाई बढाउन र एलपी ग्यासको निर्भरतालाई घटाउन विद्युतीय चुलोको प्रयोगलाई बढाउने गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिंदै आउनुभएको छ । "विदेशी ग्यास छोडौं, स्वदेशी बिजुली जोडौं' भन्ने नारासहित विद्युत् खपत तथा वातावरण संरक्षणका लागि स्वच्छ ऊर्जाको प्रयोग बढाउन अब मन्त्रालयले विद्युतीय चुल्होमार्फत ग्यास विस्थापनलाई योजनागत रुपबाटै अघि बढ्ने नीति लिएको छ, उहाँले भन्नुभयो ।

नेकपा (एकीकृत समाजवादी)लगायत अन्य राजनीतिक दलहरुले पनि एलपी ग्यासको खपत कम गर्न, विद्युतीय चुलोको प्रयोगलाई बढाउन र स्वच्छ वातावरण कायम गर्ने विषयलाई जोड दिएका छन् । कृषि र वनमा आधारित परम्परागत ऊर्जालाई आधुनिक ऊर्जामा रुपान्तरण गर्न पनि सकिन्छ । बायोग्यास, ठूला वायोग्यासबाट उत्पादन हुने इन्धन, विद्युतबाट चल्ने बिद्युतीय चुलो, पेलेटजस्ता ऊर्जालाई प्राथमिकतामा राखेर उपयोग गर्ने हो भने आयातित ऊर्जाको परिमाण कटौती हुन सक्छ । विद्युतीय चुलोको प्रयोगले अन्य प्रविधिको तुलनामा कम खर्च लाग्ने भएकाले समयको बचत र लागतसमेत कम हुन जाने र यसले राष्ट्रिय अर्थतन्त्रमा सहयोग पुग्ने भएकाले यसमा राजनीतिक सहमति रहेको देखिन्छ ।

